**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १८ गते सोमबार ❑ 1 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## प्रधानमन्त्रीको अभिव्यक्ति 'सीमा वारपारको जग्गा भोगाधिकार'सँग सम्बन्धित छ : परराष्ट्र

**रासस**
काठमाडौं, १७ जेठ

परराष्ट्र मन्त्रालयले प्रधानमन्त्री वालेन्द्र शाहले आज प्रतिनिधिसभाको बैठकमा नेपाल भारत सीमाका सम्बन्धमा उल्लेख गर्नुभएको विषय दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित रहेको स्पष्ट गरेको छ।

आइतबार प्रधानमन्त्री शाहले नेपाल-भारत सीमा र लिपुलेकका सम्बन्धमा सांसदहरुले सोधेका प्रश्नहरुको जवाफ दिने क्रममा राख्नुभएको अभिव्यक्ति यसैसँग सम्बन्धित भएको कुरा परराष्ट्रले आइतबार साँझ विज्ञप्तिमार्फत स्पष्ट गरेको हो।

परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' अर्थात् सीमा वारपारको जग्गा भोगाधिकारसँग सम्बन्धित छ। नेपाल भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा 'फिक्स बाउन्ड्री प्रिन्सिपल' अवलम्बन गरेको कारणले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था छ।" नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढङ्गले नक्साङ्कन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन'को लगत सङ्कलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील रहेका सो विज्ञप्तिमा जनाइएको छ। साथै परराष्ट्रले लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हाल सीमा क्षेत्रमा क्रियाशील रहेको र संयुक्त रुपमा लगत सङ्कलन गर्ने कार्य भइरहेको पनि जनाएको छ।

प्राविधिक समितिको अध्ययनले कतिपय स्थानहरूमा हाल नेपालको उपयोग र उपभोगमा रहेको जग्गा भारततर्फ पर्न सक्ने र हाल भारतको उपभोग र उपयोगमा रहेको जग्गा नेपालतर्फ पर्न सक्ने देखाएको छ भन्दै प्रधानमन्त्री शाहले संसदमा राख्नुभएको 'कतिपय स्थानमा भारतको जग्गा नेपालतिर रहेको हुन सक्ने' भनाइको सन्दर्भ यही प्राविधिक यथार्थ र 'क्रस बोर्डर अकुपेसन'सँग जोडिएको सो विज्ञप्तिमा उल्लेख गरिएको छ।

नेपाली भूमि लिपुलेक क्षेत्र हुँदै भारतले मानसरोवर तीर्थयात्रा मार्ग सञ्चालनमा ल्याएको विषयमा नेपाल सरकारको आधिकारिक धारणा यस मन्त्रालयले २०८३ वैशाख २० मा स्पष्ट पारिसकेको र यस विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारत सरकारबाट पनि कूटनीतिक नोटमार्फत नै प्राप्त भएको बताउँदै सो विज्ञप्तिमा दुवै देशले सीमासम्बन्धी विवादहरूलाई कूटनीतिक माध्यम र आपसी छलफलबाट समाधान गर्न प्रतिबद्धता व्यक्त गरेका स्पष्ट गरिएको छ। विज्ञप्तिमा भनिएको छ, "नेपाल र भारतबीच सदियौँ पुरानो, लामो र खुला सिमाना रहेको सर्वविदितै छ। नेपालको हालको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ। नेपाल भारत सिमाना अन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ। ती स्थान बाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन्।"

## गण्डकीमा राइड सेयरिङको भाडादर निर्धारण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

गण्डकी प्रदेशमा राइड सेयरिङ एपलाई कानुनी मान्यता दिएर कार्यान्वयनको चरणमा ल्याएको छ।

गण्डकी प्रदेशमा अब चारपांग्रे सवारी प्रयोग गर्ने यात्रुले चढ्नासाथ १५७ रुपैयाँ सुरुवाती भाडा तिर्नुपर्नेछ भने दुईपांग्रेको ४६.५० रुपैयाँया शुल्क तिर्नुपर्ने भएको प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयले जनाएको छ।

गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) (दोस्रो संशोधन) नियमावली, २०८३ को नियम १९ बमोजिम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०८३/०२/११ (मन्त्रीस्तरीय) को निर्णयानुसार मिति २०८३/०२/११ देखि लागू हुने गरी भाडादर कायम भएकोले सम्बन्धित सबैको जानकारीका लागि मन्त्रालयले जेठ १२ गते सूचना प्रकाशन गरेको मन्त्रालयका उपसचिव दिनेश आचार्यले बताउनु भयो। एक महिना भित्र राइड शेयरिङ एप संचालन गर्ने सवारी साधनहरुले अनिवार्य रुपमा इजाजत लिनुपर्ने अन्यथा कुनै समयमा कार्वाही हुने चेतावनी दिनुभयो। हालको अबस्थामा कालो प्लेटका ट्याक्सीहरुले एप मार्फत संचालन गर्न सक्नेछन भने रातो प्लेटका चार पाङ्ग्रे सवारी साधनहरुले भने अहिलेको अबस्थामा यात्रु वोक्ने गरी कुनै एप समेत संचालन गर्न नपाउने मन्त्रालयले जनाएको छ। दुई किलोमिटरसम्मको आधारभूत भाडा ९७ रुपैयाँ तोकिएको छ। यसरी कुनै पनि दूरीको यात्रा गर्दा चारपांग्रे सवारीको न्यूनतम भाडा १५७ रुपैयाँ कायम गरिएको मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। मन्त्रालयले हालै 'राइड सेयरिङ (नियमन तथा व्यवस्थापन) नियमावली' दोस्रोपटक संशोधन गरेपछि सोही नियमावलीको व्यवस्था अनुसार जेठ ११ गते मन्त्रीस्तरीय निर्णयबाट भाडादर कायम गरिएको जनाएको छ।

नयाँ व्यवस्थाअनुसार राइड सेयरिङमार्फत चारपांग्रे सवारी प्रयोग गर्ने यात्रुले चढ्नासाथ ६० रुपैयाँ सुरुवाती भाडा तिर्नुपर्नेछ। त्यसबाहेक दुई किलोमिटरसम्मको आधारभूत भाडा ९७ रुपैयाँ तोकिएको छ। यसरी कुनै पनि दूरीको यात्रा गर्दा चारपांग्रे सवारीको न्यूनतम भाडा १५७ रुपैयाँ शुल्क लाग्ने भएको हो। यात्रुले जतिसुकै छोटो दूरीको यात्रा गरे पनि दुई किलोमिटर बराबरको आधारभूत भाडा अनिवार्य रूपमा तिर्नुपर्ने भएको छ। दुई किलोमिटरपछि भने प्रत्येक थप किलोमिटरका लागि चार पाङ्ग्रे सवारी साधनको लागि ४८ रुपैयाँ ५० पैसा भाडा लाग्ने व्यवस्था गरिएको छ। यही दरका आधारमा चारपांग्रे सवारीमार्फत १० किलोमिटर यात्रा गर्दा यात्रुले ५४५ रुपैयाँ तिर्नुपर्ने हुन्छ। राइड सेयरिङ सेवामार्फत चारपांग्रे सवारीको अधिकतम यात्रा दूरी ५० किलोमिटर निर्धारण गरिएको छ। प्रारम्भिक प्रस्तावमा यो सीमा २० किलोमिटर मात्र राखिएको थियो। सरकारले सार्वजनिक गरेको यो भाडादर पेट्रोलबाट चल्ने चारपांग्रे सवारीका लागि लागू हुने जनाएको छ। नियमावलीले ट्याक्सीलाई समेत राइड सेयरिङ सेवामा समेट्ने बाटो खुला गरे पनि अन्य प्रकारका चारपांग्रे निजी सवारीको हकमा भने स्पष्ट व्यवस्था गरिएको छैन। यात्रुलाई राहत दिने उद्देश्यले सरकारले अनिवार्य छुटको व्यवस्था पनि गरेको छ।

मन्त्रालयका अनुसार पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधनले कम्तीमा १० प्रतिशत र विद्युतीय सवारीले १५ प्रतिशतसम्म छुट उपलब्ध गराउनुपर्ने जनाएको छ। राइड सेयरिङ सेवा प्रदायक कम्पनीहरूले भाडादर र छुट सम्बन्धी विवरण आफ्नो एपमै स्पष्ट देखाउनुपर्ने व्यवस्था गरिएको छ। तोकिएको भाडाबाहेक यात्रुसँग कुनै पनि अतिरिक्त शुल्क असुल्न नपाइने मन्त्रालयले चेतावनी दिएको छ। दुईपांग्रे सवारीको हकमा सुरुवाती भाडा ३० रुपैयाँ तोकिएको छ भने प्रतिकिलोमिटर १६


बाँकी अन्तिम पृष्ठमा ▶▶


## बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सहकार्य आवश्यक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सम्बद्ध सबैको सहकार्य र समन्वय आवश्यक रहेकामा जोड दिइएको छ।

भ्वाइस अफ चिल्ड्रेनको आयोजनामा आइतबार पोखरामा आयोजित 'बालअधिकार प्रवर्द्धन तथा अनलाइन बाल यौनदुर्व्यवहार रोकथाममा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रियामा बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सरोकार भएका सबैको साथ र सहयोगको आवश्यकता औँल्याइएको हो। बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको सहकार्यमा भएको कार्यक्रममा वक्ताहरूले प्रविधिले बनाएको सहजतासँगै त्यस्तै किसिमका चुनौतीहरू थपेको बताउँदै बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सचेतना आवश्यक भएको बताउनुभयो। भ्वाइस अफ चिल्ड्रेनका उपनिर्देशक राजु घिमिरेले विश्वमा इन्टरनेटको तीव्र विकाससँगै नेपालमा अनलाइनको माध्यमबाट बालबालिका बढी मात्रामा यौनदुर्व्यवहार, शोषण र हिंसामा परेका घटना सार्वजनिक भइरहेका बताउनुभयो। "संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिको डिजिटल वातावरणको सम्बन्धमा बालबालिकाको अधिकारसम्बन्धी सामान्य टिप्पणी नं २५ अनुसार डिजिटल वातावरणमा प्रत्येक बालबालिकाको अधिकारको सम्मान र संरक्षण हुनुपर्छ भनिएको छ, "उहाँले भन्नुभयो, "प्रत्येक देशले उचित नीति नियम बनाएर बालबालिकालाई डिजिटल वातावरण सुरक्षित भएको सुनिश्चित गर्नुपर्दछ भनिएको छ, तर डिजिटल प्रविधिको विकाससँगै अनलाइनबाट बालयौन दुर्व्यवहार, शोषण र हिंसाका घटनाहरू अझ धेरै बढेका छन्।" यस विषयमा नेपालमा विभिन्न रुपमा तथ्याङ्क सङ्कलन र अध्ययन तथा अनुसन्धानहरू भएका उपनिर्देशक घिमिरेले जानकारी दिनुभयो। इन्टरनेटको सुरक्षित प्रयोगको लागि राज्यको नीति नियम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उहाँले सञ्चारकर्मीलगायत सरोकार भएका निकायले आआफ्नो तर्फबाट सहकार्य गरी बालबालिकाको लागि सुरक्षित समाज निर्माणमा सहकार्य गर्नु आजको आवश्यकता भएको बताउनुभयो। बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका केन्द्रीय सदस्य केशव पौडेलले बालअधिकारप्रवर्द्धनको विषयले प्राथमिकता पाउनुपर्ने बताउनभयो। वरिष्ठ पत्रकार गङ्गाधर पराजुलीले बालअधिकार प्रवर्द्धनमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका पूर्वसदस्य केशवशरण लामिछाने, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव जमूना वर्षा शर्मा, पत्रकार कमल पौडेल (अथक), सन्देश श्रेष्ठ लगायतले बालअधिकारको प्रवर्द्धनका लागि सरोकारवाला निकायबीच सहकार्य हुनु जरुरी भएको बताउनुभयो।

## चार दिनमा पचास हजार बढीले गरे मुक्तिनाथको दर्शन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ जेठ

यहाँस्थित मुक्तिनाथ मन्दिरमा पछिल्ला चार दिनमा करिब ५० हजारले दर्शन गरेका छन्।

विगतमा औसत दैनिक तीनदेखि चार हजार भक्तजन उपस्थिति हुने मन्दिरमा बिहीबारदेखि आइतबारसम्म करिब ५० हजारले दर्शन गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो। बिहीबारदेखि आइतबारसम्म सार्वजनिक बिदा परेको तथा भारतमा अत्यधिक गर्मी हुँदा भारतीय पर्यटकको मुस्ताङ आएको उहाँको भनाइ छ। मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले मुक्तिनाथ दर्शन गर्न आएका दर्शनार्थी पर्यटकमध्ये ७० प्रतिशत भारतीय रहेको जानकारी दिनुभयो। पर्यटकको सङ्ख्या बढेसँगै म्याग्दीको बेनीदेखि मुक्तिनाथसम्म होटल भरिभराउ भएका छन्।

## बजेट ठूलो होइन, जिडिपीको तुलनामा सानो हो: अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, १७ जेठ

अर्थमन्त्री डा स्वर्णिम वाग्ले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट महत्वाकांक्षी नभएको बताउनुभएको छ। आइतबार अर्थमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले बजेटको आकार सानो नभएको बताउनुभयो।

"विगतका वर्षमा बजेट आएपछि बजेट राम्रो भए पनि कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने बहस हुन्थ्यो, तर यसपटक त्यस्तो अवस्था छैन, बजेट महत्वकांक्षी छैन, बान्छित सीमाभित्रै बजेट आएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार आगामी आवको बजेट प्रत्क्षेपित जिडिपीको सापेक्षतामा २८ दशमलव पाँच प्रतिशत मात्रै हो। अर्थमन्त्री डा वाग्लेले आफू सन् २०१४ देखि नेपालको बजेट निर्माणमा संलग्न भएको उल्लेख गर्दै सन् २०१५ को भूकम्पपछि बजेटको आकार बढ्न थालेको बताउनुभयो। "भूकम्प अगाडि हाम्रो बजेटको आकार जिडिपीको तुलनामा औसतमा २५ देखि २९ प्रतिशत र वास्तविक खर्च २२ देखि २५ प्रतिशत हुन्थ्यो", उहाँले भन्नुभयो, "भूकम्पपछि भने बजेटको आकार बढ्यो, कुनै वर्ष जिडिपीको तुलनामा बजेटको आकार ३७ प्रतिशतसम्म पुगेको थियो।" सरकारले आगामी आवका लागि रु २१ खर्ब २४ अर्ब ३४ करोड बराबरको बजेट सार्वजनिक गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सिटीवान टेलिभिजनको महिलाको समृद्धि सम्बन्धी राउण्ड टेवुल कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ



सिटीवान टेलिभिजनले आयोजना गरेको महिला अधिकारको सम्मान आत्मनिर्भरता र समृद्धीको अभियान विषयक राण्डटेवुल कार्यक्रममा सहभागी सवै जनप्रतिनिधी र मन्त्री तथा साम्सद महिलाहरुले एक महिला एक शिष अभियान संचालन गर्ने प्रतिवद्धता जनाएका छन् ।

आठौं राष्ट्रिय महिला दिवसको अवसरमा आयोजना गरिएको राण्ड टेवुल कार्यक्रममा कास्कीका सवै स्थानीय तहका उपाध्यक्षहरु, र गण्डकी प्रदेश अर्न्तगतको महिला मन्त्रालय सम्हालेका मन्त्रीहरुको सहभागिता रहेको थियो ।

मुख्य वक्ताका रुपमा पर्यटन तथा उद्योग मन्त्रालय गण्डकीका मन्त्री यशोदा रिमालले पेशा व्यवसायमा संलग्न नभएका घरेलु महिलाहरुको समृद्धीका र आर्थिक उत्थानका लागि यो वर्षको नीति तथा कार्यक्रम र वजेटमा विशेष सम्वोधन हुने जानकारी दिईन् । राउण्ड टेवुल कायक्रममा प्रतिवद्धता जनाउदै मन्त्री रिमालले प्रदेश भित्रका हरेक महिलालाइ लक्षित गरि एक महिला एक शिप अभियान संचालन गर्ने वताईन् । कार्यक्रमको सहजकर्ता संचारकर्मी अनिशा श्रेष्ठले संघ र प्रदेश सरकारले के गर्ने हो भने महिला समानता सँगसँगै समृद्धी हासिल गर्न सकिएला, र तपाँईलाई साच्चिकै महिला समृद्धीको अभियानमा के गर्ने मन छ र गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा मन्त्री रिमालले प्रदेश भित्रको घरेलु र कुटिर उद्योगलाई वढावा दिदै महिलालाई पर्यटन र घरेलु उद्योगमा जोड्ने अभियान यो वर्ष विशेष अभियानका रुपमा संचालन गर्ने जानकारी गराएकी हुन् । महिलाहरुलाई प्राविधिक शिक्षा र रोजगारीमा जोड्ने भन्नेवारेमा विशेष योजना ल्याएर संघवाटै अभियान संचालन गर्नुपर्ने धारणा राखिन् । कार्यक्रमा पोखरा महानगरपालिकाकी उपमेयर मञ्जुदेवी गुरुङले महानगरपालिकाको कार्यपालिकामा रहने अधिकतम सदस्यहरुको सोच विकास भनेको वाटो, नहर नालामा मात्रै केन्द्रित छन् । महिला र सामाजिक विकासमा गरिएको लगानी अनुत्पादक हुने भन्दै अति न्यून र सकभर वजेट नै विनियोजन नगर्ने सोचम अधिकतम कार्यपालिका सदस्यहरु रहेको गुनासो गरिन् । दोस्रो कार्यकाल पनि महानगरको उपप्रमुख भएको अनुभवका आधारमा यो वर्ष महिला र सामजिक विकासका लागि फरक तरिकाले काम गर्ने प्रतिवद्धता समेत जनाईन् । महिला वादी भएको लागेपनि ५१ प्रतिसतको हितका लागि सवै महिला एक हुन अनुरोध सहित महिला शसक्तिकरणका लागि सवैलाई हातेमालो गर्न अनुरोध गरिन् । कार्यक्रममा पोखरा हस्तकला संघकी अध्यक्ष तथा महिला उद्यमी सिता गुरुङले हरेक वर्ष महिला उद्यमीको संख्या घट्दै गएकोमा दुख व्यक्त गरिन् । उद्योग वाणिज्य संघहरु, स्थानीय तह र प्रदेश सरकरले समेत महिला उद्यमीको हौषलाका लागि कार्यक्रमहरु संचालन गर्नु पर्ने धारणा राखिन् । सरकारी तवरवाट संचालन गरिएका शिपमुलक तालिमहरु देखाउनका लागि मात्रै गरिएको समेत आरोप लगाईन् । कार्यक्रममा मादी गाउँपालिका कास्कीको उपाध्यक्ष कल्पना गुरुङले समान कामको समान ज्याला हुनु पर्ने कुरालाई नीतिगत रुपमै कडा रुपमा उल्लेख गर्नु पर्ने धारणा राखिन् । उनले पालिका ठुलो, दोहोरो वोझ र महिलाको शैक्षिक स्तरको पनि समस्याका कारण व्यवसायीक उद्यमी महिला उत्पादन गर्न कठिनाई परेको धारणा राखिन् । यस्तै रुपा गाउँपालिका कास्कीको उपाध्यक्ष लालसुव्वा गुरुङले महिलाहरुका लागि राम्रै लगानी गरेको भन्दै महिलालाई उद्यमी वनाउन दिर्धकालिन सोच र अभियान संचालन गर्नुपर्ने धारणा राखिन् । रुपा गाउँपालिकाको यो वर्षको वजेट यहि अभियानमा केन्द्रित हुने पनि उनको प्रतिवद्धता थियो । कार्यक्रममा अन्नपुर्ण गाउँपालिका कास्कीकी उपाध्यक्ष चन्द्रकला अधिकारीले महिलाले गरेका सवै काम र निर्णयमा पुरुषको हस्तक्षेप हुँदा समस्या आएको धारणा राखिन् । महिलामा लगानी गर्दा महिलाको आवस्यकता र निर्णय भन्दा पनि पुरुषकै ईच्छा सर्वोपरि हुने गरेको आरोप समेत लगाईन् । यस्तै कार्यक्रममा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष ईन्दिरा पौडेलले कास्कीमा महिला उद्यमीको अवस्था मध्यम स्तरको मात्रै रहेको धारणा राखिन् । उनले महिलाहरुमा घरेलु र शारिरिक हिंसाको सिकारमा पीडित भईरहेको भन्दै शिक्षा, चेतनाको स्तर, कानुनी कठोरता र समानताको कुरामा टोल स्तरवाटै अभियान संचालन गर्नुपर्ने धारणा राखिन् । संघ, प्रदेश र स्थानीय तहले समान रुपमा महिलामा लगानी नगरेसम्म महिलावाट हुने समृद्धीको अपेक्षा गर्न नसकिने पनि अध्यक्ष पौडेलको भनाई थियो । ८ औ राष्ट्रिय महिला दिवसको यो बर्षको नारा महिला अधिकारको सम्मान, आत्मानिर्भरता र समुद्धिको अभियान रहेको छ । गण्डकी प्रदेशमा जम्मा २१ हजार ५ सय ५५ महिलाहरु उद्यमी छन् । जस्मा ७८ हजार ३ सय ३७ जना महिलाहरुले रोजगारी पाएका छन ।

# भद्रकाली बहुमुखी क्याम्पसमा जर्नल लेखन कार्यशाला सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ




भद्रकाली बहुमुखी क्याम्पस,अनुसन्धान व्यवस्थापन इकाइको आयोजनामा एक दिने जर्नल लेखन कार्यशाला आइतबार सफलतापूर्वक सम्पन्न भएको छ ।

विश्वविद्यालय अनुदान आयोगद्वारा सञ्चालन भइरहेको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यु.ए.ए.) प्रक्रियामा समावेश क्याम्पसले अनुसन्धानमुखी गतिविधिलाई थप सशक्त बनाउने उद्देश्यले उक्त कार्यशालाको आयोजना गरेको हो । क्याम्पसबाट प्रकाशन गरिने 'भद्रकाली प्राज्ञ मञ्च' जस्ता अनुसन्धानमूलक जर्नललाई गुणस्तरीय बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको हो । कार्यशालाको उद्घाटन प्राध्यापक डा. विकासकुमार केसीले गर्दै जर्नल लेखनका आधारभूत सिद्धान्तदेखि प्रकाशनसम्मका विविध पक्षबारे विस्तृत र व्यवहारिक प्रस्तुति दिएका थिए । प्राध्यापक केसीले शीर्षक छनोट, अनुसन्धानको संरचना, सन्दर्भ व्यवस्थापन तथा अन्तर्राष्ट्रियस्तरका जर्नलमा प्रकाशन गर्ने प्रक्रियासम्मका विषयमा सहभागीलाई स्पष्ट मार्गदर्शन गराए । क्याम्पस प्रमुख नवराज रेग्मीले यस्ता कार्यक्रमले प्राध्यापकहरूको अनुसन्धान क्षमतामा उल्लेखनीय वृद्धि गर्ने विश्वास व्यक्त गरे । साथै, अनुसन्धानलाई संस्थागत रूपमा सुदृढ बनाउने दिशामा यो कार्यशाला महत्वपूर्ण कदम भएको प्रमुख रेग्मीले भने । अनुसन्धान व्यवस्थापन इकाइका संयोजक शुक्रराज सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य लोकचन्द्र खनालले स्वागत र कार्यक्रमको सञ्चालन सदस्य नरेन्द्रबाबु घिमिरेले गरेका थिए । क्याम्पसका सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सापकोटाले पनि कार्यशालाले प्राध्यापकहरूको प्राज्ञिक लेखन क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याउने धारणा राख्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए ।

# लेक लागेर नौ विदेशीसहित १३ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ जेठ

पर्वतीय हाइअल्टिच्युडका कारण लेक लागेर मुस्ताङमा चालु आवको जेठ १५ गतेसम्म नौ विदेशी नागरिकसहित १३ पर्यटकले ज्यान गुमाएका छन् । यहाँको पर्वतीय उच्च उचाइको पवित्र धार्मिकस्थल मुक्तिनाथ दर्शन गर्न आएका धार्मिक पर्यटकमध्ये लेक लागेर उक्त सङ्ख्यामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले उल्लेख गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार चालु आवको साढे १० महिनामा हाइअल्टिच्युडका कारण लेक लागेर १३ पर्यटकको मृत्यु भएको बताउनुभयो । मृत्यु हुनेमध्ये नेपाली पर्यटकतर्फ तीन पुरुष र एक महिला तथा विदेशी पर्यटकतर्फ सात पुरुष र दुई महिला रहेका छन् । धार्मिक तीर्थाटनका लागि मुस्ताङ आएका पर्यटक सबै वारागुङ मुक्तिक्षेत्ररघरपभ्फोङगाउँपालिकामा लेक लागेर प्रदेश अस्पताल जोमसोममा उपचार गराउने क्रममा मृत्यु भएको प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो । मुस्ताङमा हाइअल्टिच्युडका कारण लेक लागेर बढी मात्रामा भारतीय पर्यटकको मृत्यु हुने गरेको प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ । बैंसीको समथरिलो स्थानबाट हिमाली जिल्ला मुस्ताङको पर्वतीय क्षेत्रमा आउने पर्यटकलाई पर्याप्त रूपमा आवश्यक स्वास्थ्य सावधानी र सतर्कता अपनाउन नसक्दा लेक लागेर मृत्यु हुने समस्या देखिएको हो । समुद्री सतहको तीन हजार मिटरमाथिको उच्च उचाइको पर्वतीय क्षेत्रमा अक्सिजनको लेवल कम भई यहाँ आएका पर्यटकलाई लेक लाग्ने समस्या रहने गरेको प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो । यहाँका सरोकारवाला सरकारी कार्यालयले हाइअल्टिच्युडका कारण लेक लाग्ने समस्या कम गर्न जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्ने गरेका छन् । प्रदेश जनस्वास्थ्य कार्यालय, एक्याप, मुक्तिनाथ विकास समिति, स्थानीय तह र सुरक्षा निकायलगायतले हाइअल्टिच्युडसम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्ने गरिएको छ । राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकखण्डअन्तर्गत म्याग्दी र मुस्ताङको सिमाना थासाङ-४ घाँसामा लेक लाग्ने समस्यासम्बन्धी सचेतनामूलक साइन बोर्ड राखिएको छ । एक्यापले चालु वर्ष घाँसादेखि मुक्तिनाथसम्म पर्यटकीय चहलपहल हुने स्थानमा बोर्ड टाँस गरेको एक्याप प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । त्यसैगरी, प्रदेश जनस्वास्थ्य कार्यालयले पनि हाइअल्टिच्युडसम्बन्धी साइन बोर्ड तथा ब्रोसर छपाएर पर्यटकलाई वितरण गर्ने गरेको वरिष्ठ जनस्वास्थ्य अधिकृत विद्या तामाङले बताउनुभयो । हाइअल्टिच्युडको जोखिम कम गर्न तथा पर्यटकको स्वास्थ्य रक्षाका लागि वारागुङ-१ मुक्तिक्षेत्रका सबै होटलमा प्रोटेबल अक्सिजन सिलिन्डरसहित लेक नलाग्ने औषधिको व्यवस्थापन गरिएको मुक्तिनाथ होटल एसोसिएसनका अध्यक्ष सुरज गुरुङले जानकारी दिनुभयो । मुस्ताङ भ्रमणमा आउने पर्यटकलाई सम्बन्धित ट्राभल एजेन्सी र होटलहरूले पर्याप्त हाइअल्टिच्युडसम्बन्धी जानकारी दिन नसक्दा लेक लाग्ने घटना न्यूनीकरण हुन नसकेको हो । विभिन्न पर्यटक ट्राभल्स कम्पनीहरूले यहाँ आउने पर्यटकलाई होल्डिङ नगरी एकसाथ गन्तव्यमा पुर्‍याउने परिपाटीका कारण पनि लेक लाग्ने समस्या जटिल बनेको हो । उच्च स्थानमा हाइअल्टिच्युडको जोखिमबाट सुरक्षित रहन ठाउँठाउँमा होल्डिङ गर्दै यात्रा गर्नुपर्ने यहाँका स्वास्थ्यकर्मीहरू बताउँछन् । मुक्तिनाथ दर्शनार्थीहरूको स्वास्थ्य रक्षाका लागि प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्रले मुक्तिनाथ मन्दिरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' व्यवस्थापन गरिएको वारागुङ मुक्तिक्षेत्रका स्वास्थ्य संयोजक खगेन्द्र बोहोराले जानकारी दिनुभयो । मुक्तिनाथ मन्दिर परिसर र मुक्तिनाथ जाने सिँढीबाटो नेपाली सेनाले निर्माण गरेको विश्रामस्थलमा गरी दुई ठाउँबाट उक्त सेवा प्रदान गरिएको संयोजक बोहोराले उल्लेख गर्नुभयो । बैंसीको समथर ठाउँबाट हिमाली जिल्लाको उच्च क्षेत्रमा यात्रा गर्ने पर्यटकमध्ये शारीरिक रूपमा अशक्त, अपाङ्गता, ज्येष्ठ नागरिक र दीर्घरोगीलाई हाइअल्टिच्युडको समस्या देखिने गरेको छ ।

# 'हरिदेवी कोइराला साहित्य सम्मान' रोशनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ जेठ

पोखरास्थित हरिदेवी कोइराला साहित्य-सङ्गीत सम्मान कोषले यस वर्षको 'हरिदेवी कोइराला साहित्य सम्मान' साहित्यकार काजी रोशनलाई प्रदान गर्ने भएको छ । धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङका अध्यक्षसमेत रहनुभएका रोशनलाई यही जेठ २३ गते शनिबार पोखरामा आयोजना हुने विशेष समारोहमा नगद रु २५ हजारसहित उक्त सम्मान अर्पण गरिने कोषले जनाएको छ ।

साहित्यकार लक्ष्मण थापा संयोजक तथा कृष्णप्रसाद पौडेल र संरक्षक रामबहादुर कोइराला सदस्य रहेको प्रतिभा छनोट समितिले गरेको सिफारिसका आधारमा साहित्यकार रोशनलाई सम्मान प्रदान गर्ने निर्णय गरिएको कोषका सचिव पदमराज ढकालले जानकारी दिनुभयो । सोही समारोहमा साहित्यकार एवं वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाको कविता सङ्ग्रह ' मायाको भूगोल' लोकार्पण गरिने कोषले जनाएको छ । साहित्यकार रोशन बागलुङमा रहेर साहित्य सेवामा सक्रिय हुनुहुन्छ । कविता, नियात्रालगायत विभिन्न विधामा उहाँका कृतिहरु प्रकाशित छन् । साहित्यिक अभियानमा पनि उत्तिकै क्रियाशील रोशनले प्रबल जनसेवाश्रीलगायत विभिन्न पदक, सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।




# गण्डकीमा ...

रुपैयाँ ५० पैसा दर कायम गरिएको छ । आधारभूत दुई किलोमिटरको दूरीका लागि यात्रुले न्यूनतम ४६ रुपैयाँ ५० पैसा तिर्नुपर्नेछ । अर्थात् दुई किलोमिटरभन्दा कम दूरीको यात्रा भए पनि एपले सोभन्दा कम भाडा देखाउने छैन । प्रदेश सरकारले नयाँ भाडा संरचनाले राइड सेयरिङ सेवालाई थप व्यवस्थित, पारदर्शी र यात्रुमैत्री बनाउने विश्वास व्यक्त गरेको छ । साथै भाडादर, छुट र शुल्कसम्बन्धी सबै जानकारी डिजिटल प्रणालीमै देखिने भएकाले यात्रु र सेवा प्रदायकबीच हुने विवादसमेत न्यून हुने अपेक्षा गरिएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

